# नेपालको भावी संविधान कस्तो हुनु पर्छ ?

**प्रकाशक**

**तुल्सीलाल स्मृति प्रतिष्ठान**

---

## नेपालको भावी संविधान कस्तो हुनु पर्छ ?

प्रजातन्त्रको अर्थ हो 'जनताको राज, जनताको निम्ति, जनताद्वारा' आदिकालमा न त राजा थियो, न राज्य थियो । भीष्म पितामहले युधिष्ठिरलाई भने जस्तै 'न राज्य न त राजा नि' धर्म अर्थात नियमअनुसार सबै कुरा चल्थ्यो समाज बदलिएर सामन्ती समाजमा पुगेपछि नै राजाको प्रादुर्भाव भएको हो । प्रारम्भिक कालमा राजालाई राष्ट्रपतिलाई जस्तै चुनावद्वारा स्थापना गर्ने प्रथा चलाए पनि सामन्ती व्यवस्थामा राजसंस्थाले विकृत रूप लिएर राजा निरंकुश हुन आयो ।

आज सामन्ती व्यवस्था खतम भएर कहीँ पूँजीवाद, कहीँ उपनिवेशवाद, कहीँ समाजवाद स्थापना भएको हुँदा राजाको औचित्य समाप्त हुन गएको छ र कहीँ गणतन्त्र र कहीँ संवैधानिक राजतन्त्र स्थापित हुन गएको छ ।

नेपालले पनि सामन्ती व्यवस्था पार गरी नयाँ व्यवस्था सुरु गर्नु परेको छ । सामन्ती व्यवस्था नै हाम्रो पिछडापनको मूल कारण हो । हाम्रो गरिबीको मूल कारण हो । यो गरिबी र पिछडापन नव-उपनिवेशवादमा झन् बढ्ने छ भने नेपालमा पूँजीवादले यस समस्यालाई समाधान गर्न सक्ने छैन, न त यहाँ पूँजीवाद सफल हुने छ । यसले राष्ट्रिय प्रजातन्त्रको बाटो लिएर समाजवाद तिर जान करै लाग्छ ।

समाजवाद अथवा राष्ट्रिय प्रजातन्त्र मात्र होइन पूँजीवाद पनि हुकुमशाही राज्यमा फष्टाउन सक्दैन । यस कारणले पनि हामीलाई राष्ट्रिय प्रजातन्त्र चाहिएको हो र २०४६ सालको जनआन्दोलनले सामन्ती हुकुमशाही व्यवस्थाको जगलाई नष्ट गरेर उखालेर प्रजातान्त्रिक व्यवस्थाको जग हाल्ने काम भएको छ । अब पनि नेपालमा प्रजातान्त्रिक व्यवस्थामाथि कसैले हमला गर्छ भने निश्चित छ यस्तो प्रतिक्रान्तिवादी तत्वहरूलाई जनताले नामोनिशान मेटाई दिने छन् । वर्तमानमा हाम्रो अगाडि अझ पनि एउटा सवाल छ, संविधान कस्तो बन्ने ? र यसमा राजाको स्थान के हुने हो ?

जनतामाथि धाक र रवाफ जमाएर मानिसलाई मानिस नगन्ने तत्वहरू (प्रतिगामी तत्वहरू) अझै राजालाई अगाडि सारेर फेरी एक पटक हुकुमशाही व्यवस्था फर्काउने स्वप्न देखिरहेका छन् । यस्ता तत्वहरू खास गरी राणाकालदेखि जनतालाई शोषण र दमन गरेर आएका सामन्ती राणा र शाहहरू, जो नै फौजी अफिसर र कमाण्डरको रूपमा छन्, हुकुमशाही व्यवस्था नै नेपालमा रहोस् भन्ने पक्षमा छन् । देशमा बारम्बार हिंसात्मक क्रान्तिको आवश्यकतालाई जोगाई राख्ने यस्तै तत्वहरू हुन्छन् । राजा र जनताबीच मिल्नै नसक्ने अन्तरविरोधलाई जोगाएर राजतन्त्रको जगलाई नै नष्ट गर्नुपर्ने स्थितिलाई पैदा गर्ने पनि यिनीहरू नै हुन् ।

आज राजा र जनताबीच अन्तरविरोध खतम गर्ने हो भने संवैधानिक राजतन्त्र नै एक मात्र बाटो हो । नेपाली जनताले राजालाई आदर गर्न पनि जानेका छन्, आवश्यकता पऱ्यो भने विद्रोह पनि गर्न जानेका छन् । यो कुरा नेपालको इतिहासले बारम्बार देखाएको पनि छ । करिब ९०० वर्ष अघि पाटनको राजा हरिदेवको विरोधमा जनताले विद्रोह गर्नु परेको थियो । उनले कान्तिपुर (काठमाडौं) बाट फौज ल्याएर त्यस विद्रोहलाई दबाउने कोशिस गरे तर पाटनको जनताले त्यस फौजलाई पनि हराए र राजा हरिदेव भागेर काठमाडौंको ठमेलमा गए । पाटनको जनताले अर्को यस्तै राजालाई बागमती नुहाउन जाँदा त्यहीबाट भगाएर पठाएका थिए र उनै राजा भक्तपुरमा शरण लिन गए । तर पाटनको जनताले राम्रो राजालाई माया गर्न पनि जानेका छन् । राजा सिद्धिनरसिंहलाई पाटनको जनताले आज पनि आदर र मायाले सम्झने गर्छन् ।

यस्तै कान्तिपुरको (काठमाडौं) जनताले आफ्नो देशको अटेरी राजाको दरबारमा घेरा हालेका थिए र राजाले आफ्नो श्रीपेचलाई झ्यालबाट खसाली दिएपछि जनता बल्ल शान्त भएका थिए ।

यो इतिहास बोकेको नेपालका जनताले राजालाई आदर गर्न पनि जानेका छन्, अनि लोभ मोहमा फँसेका र आफ्नै मनपरी गर्न चाहने राजाको विरोधमा विद्रोह पनि गर्न जानेका छन् ।

नेपालकै प्रजातान्त्रिक संघर्षको इतिहासमा पनि यस्ता कुराहरू पाइन्छ । श्री ५ त्रिभुवन भारत प्रवासबाट प्रजातन्त्रलाई बोकेर नेपाल फर्कंदा लाखौं नेपाली जनताले त्रिभुवन विमानस्थलमा सहर्ष स्वागत गरेका थिए साथै हालको पञ्चायती दमनले आक्रोशित नेपाली जनताले स्वयं राजाको विरोधमा लगाएका नाराहरू यसका ज्वलन्त उदाहरणहरू हुन् । सवाल छ फरक के मा पऱ्यो ?

फरक पऱ्यो श्री ५ त्रिभुवन र श्री ५ वीरेन्द्रको प्रजातन्त्रप्रतिको दृष्टिकोणमा जहाँ श्री ५ त्रिभुवनद्वारा प्रजातान्त्रिक आन्दोलनको एक सक्रिय व्यक्तित्वको रूपमा नेपाल फर्कने काम भयो त्यही श्री ५ वीरेन्द्र प्रजातान्त्रिक आन्दोलनको दमनकारी यन्त्रको एक व्यक्तित्वको रूपमा देखा परे । फेरी पनि जहाँसम्म हामीले गणेशमानजीको मुखबाट

सुन्यौं श्री ५ वीरेन्द्रबाट संवैधानिक राजतन्त्रलाई स्वीकार गरिबक्सेको हो र यस स्वीकृतिलाई व्यावहारिक रूप दिइन्छ भने श्री ५ र जनताबीचको अन्तरविरोध स्वतः पग्लेर जानेछ ।

जति मात्रामा राजाद्वारा जनताको शक्ति खोसेर आफ्नो हातमा राख्ने प्रयास गरिने छ त्यति नै मात्रामा राजा र जनताबीचको अन्तरविरोध चर्केर जानेछ र अन्तत्वगत्वा फेरी यसले विष्फोटक स्थिति तयार गर्नेछ । अर्कोतिर जति मात्रामा राजाले राजीखुशीसँग प्रजातान्त्रिक व्यवस्था सुदृढ गर्नको निम्ति जनता र जनताको प्रतिनिधित्व गर्ने संसद्को हातमा शक्ति हस्तान्तरित गर्नेछ, उही मात्रामा राजाप्रति जनआस्था, विश्वास र सद्भावनाको वृद्धि भएर जानेछ । राजा र जनताबीचको सम्बन्ध नयाँ बन्ने संविधानमा निर्भर रहने छ । श्री ५ बाट देश र जनतालाई निजी सम्पत्ति सोच्नु भएन, देशको स्वाभाविक मालिक जनता हो र जनआस्था पाएरै राजाले राजाको रूपमा रहने हो । राज्याभिषेक स्वयं जनताले दिएरै राजा बन्ने हो । हो, अवश्य आज यसले विकृत रूप लिएको छ ।

जहाँसम्म संविधान कस्तो बन्नु पर्छ भन्ने सवाल छ, श्री ५ त्रिभुवनले २००५ सालमा नै बाहुन (श्री ५ को त्यसबेलाको पूजारी) को हात छोएर प्रण गरी टुङ्गाई बक्सेको थियो । श्री ५ त्रिभुवनको प्रण थियो 'म सत्य पावरको लोभ गर्दिन' यस प्रणलाई श्री ५ त्रिभुवनको भारत प्रवासबाट फर्की २००७ साल फागुण ७ गतेको घोषणाले पुष्टि गरेको छ । यस घोषणामा भनिएको थियो, अब उप्रान्त हाम्रो देशको जनताको शासन जनताले मतदानद्वारा चुनेको संविधानसभाद्वारा तर्जुमा गरिएको संविधानअनुसार होस् । जुन बेला राजाले प्रण गरिबक्सेको थियो, त्यस बेला श्री ५ त्रिभुवनको अगाडि मेरो प्रस्ताव थियो नेपालमा बेलायत जस्तो सर्वशक्ति सम्पन्न सार्वभौम संसद् भएको संसदीय व्यवस्था स्थापना होस्, जसमा हामीले राजालाई बेलायतको राजा जस्तै आदरका साथ राख्ने छौं ।

अब आउने संविधानमा राजालाई मात्र होइन अरू कसैलाई पनि हुकुमशाही चलाउने गुञ्जायस दिनु हुँदैन । राजाको मात्र होइन प्रधानमन्त्री होस् वा मन्त्रीमण्डल कसैको पनि हुकुमशाही हुनु हुँदैन । कहिले काहीँ प्रजातन्त्रको नाममा चुनिएको प्रधानमन्त्री पनि हुकुमशाही हुन चाहन्छ भन्ने कुरो श्री विश्वेश्वरले चीन भ्रमणबाट फर्केपछि पार्लियामेन्ट लबीमा मेरो अगाडि गर्नु भएको कुरोले स्पष्ट गर्दछ । वहाँले भन्नु भएको थियो, 'देश विकासको निम्ति अलि हुकुमशाही हुनुपर्ने रहेछ ।' यसरी वहाँले आफू हुकुमशाही हुने इच्छा व्यक्त गर्नु भएको थियो । तर २०१७ सालको काण्डले उहाँको यस इच्छालाई मूर्त रूप दिने बाटो बन्द गरिदियो र विश्वेश्वरजीको सट्टा राजा महेन्द्रको हुकुमशाही स्थापना भयो । हुकुमशाहीको मूल श्रोत फौज र प्रहरी हो । कानुन र विधानलाई उल्लंघन गरेर अक्सर सरकारमा रहेकाहरूले प्रहरीको प्रयोग गर्ने गर्छन् साथै फौजी कारबाही गर्ने गर्छन् । निर्दलवादी पञ्चायतअन्तर्गत संविधानले बोल्ने लेख्ने, सभा संगठनको अधिकार दिएको भएता पनि प्रहरीको दुरूपयोग गरी जहिले पनि पञ्चायती सरकारले यी अधिकारहरू उपभोग गर्ने कुरामा बाधा नै दिने काम गरे ।

राजा महेन्द्रले आफ्नो कमाण्डमा रहेका फौजको दुरूपयोग गरी प्रजातान्त्रिक व्यवस्था नै खतम गर्ने काम गरे । राणा प्रधानमन्त्रीहरूले पनि फौजकै प्रयोग गरी हुकुमशाही चलाए । तानाशाह मुसोलिनी राजा होइन प्रधानमन्त्री थियो । तसर्थ हुकुमशाही हुने गुञ्जायस मिलिट्रीको कण्ट्रोल राजा मात्र होइन मन्त्रीमण्डलको हातमा पनि हुनु हुँदैन । फौज र प्रहरी दुबैको अन्तिम अधिकार संसद्लाई नै हुनु पर्छ र संसद्ले गठन गरेको डिफेन्स काउन्सिल र सेक्युरिटी काउन्सिलको मातहतमा नै हुनु पर्छ । जुन काउन्सिलहरूमा शासक पार्टीको संसद् सदस्यहरू मात्र होइन विरोधी दलहरूको संसद् सदस्यहरू पनि हुनु पर्छ । यही संसदीय तौर तरिका हो र देशको संसद् सर्वशक्ति सम्पन्न सार्वभौम हुनु पर्छ र यसको दुई तिहाई मतले संविधानमा हेरफेर गर्ने अधिकार संसद्मा नै निहीत हुनु पर्छ ।

एउटा सवाल सुनिन्छ, यदि संसद् सदस्यहरूलाई २/२ करोड रुपैयाँ दिएर किनी लियो भने के गर्ने आशंका गरिएको छ, यसरी संसद् सदस्यहरू बिके भने हाम्रो देशको सार्वभौम सत्ता नै बिक्ने छ । यसै तर्कको आधारमा भनिन्छ, सार्वभौम सत्ता राजामा निहीत हुनु पर्छ । मलाई लाग्छ तर्क सही छैन । भारतको इतिहास हेर्ने हो भने सार्वभौमसत्ता सम्पन्न राजाहरूको हातबाट अंग्रेज साम्राज्यवादले सार्वभौमसत्ता आफ्नो हातमा लिएको थियो । स्पष्ट छ चेतनशील जनता नै सार्वभौमसत्ताको रक्षक हो । याद गर्नुपर्ने कुरा पञ्चायती दमनको बेला मानिसहरू कसै-कसैले भन्ने गरेका थिए, ‘यो पञ्चायती व्यवस्था भन्दा त बरु नेपाललाई भारतले लिए बेस हुने थियो ।’ यो कुरोसँग म सहमत छैन, तर मलाई भन्नु छ राम्रो व्यवस्था चलाएर देश र जनजीवनलाई उकास्न सकेन भने यस्तो गलत भावना मानिसमा उब्जन जाँदैन भनेर भन्न सकिँदैन ।

तसर्थ सार्वभौम सत्ता रक्षा गर्ने बाटो जनचेतना नै हो र जनताले यो महशुस गर्नु परेको छ कि, देश मेरो हो र यसलाई रक्षा गर्नु मेरो कर्तब्य हो । जनतालाई पूर्ण प्रजातान्त्रिक अधिकार दिएर, उनीहरूको चेतना जगाएर, समाजवादी व्यवस्था स्थापना गरी राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा जनतालाई मालिक बनाएर नै सम्पूर्ण जनतालाई सञ्चालित गरी देशको सार्वभौमसत्ताको रक्षा गर्न सकिन्छ । आफूलाई पैसामा बेच्न खोज्ने संसद् सदस्यहरूलाई संसद्बाट फिर्ता बोलाएर देशद्रोहको आरोप लगाएर यथायोग्य दण्ड दिन सकिन्छ । जनताको सतर्कता नै सार्वभौम सत्ताको ग्यारेण्टी हो । जुन संसद् सदस्यले कसैको पैसा लगाएर आफ्नो देशको राजनीतिक र आर्थिक विकासमा बाधा पुऱ्याउँछ त्यस्तो देश घातक संसद् सदस्यमाथि कडाभन्दा कडा कारबाही गर्न सकिन्छ र गर्नु पर्छ ।

सबै संसद् सदस्यहरू यसरी बिकाउ हुँदैनन् । जो स्वतन्त्र रूपले उठ्छन् उनीहरूबारे भन्न सकिँदैन र निर्दलवादी पञ्चहरू र उनीहरूले बनाएका पार्टीमा संलग्न नेताहरू र कार्यकर्ताहरू बारे पनि भन्न सकिँदैन कि उनीहरूले संसद्मा के रोल खेल्ने हुन् । उनीहरूको राजनीतिसँग खास मतलब रहँदैन । सिद्धान्तहीन राजनीति चलाएर पैसा

कमाउनु नै आफ्नो जीवनका लक्ष्य बनाएकाहरूबाट जे पनि काम हुन सक्छ । तर सिद्धान्तमा आधारित र जनतासँग घनिष्ट सम्बन्ध रहेका पार्टीबाट उम्मेदवार भएर जितेका संसद् सदस्यहरूले जनभावना विपरीत कुनै काम गर्न सक्दैन । कदाचित भुलचुकले गरी हाल्यो भने विरोधी दलहरूले पार्लियामेन्टभित्र र पार्लियामेन्ट बाहिर संघर्ष गरेर शाषक दलद्वारा हुन लागेको गलत कार्यको विरोध गरेर यस्तो कार्यमाथि रोक लगाउन सकिन्छ ।

संसदीय व्यवस्थाअन्तर्गत २०१७ सालमा भएको गण्डक सम्झौता विरोधी आन्दोलन यसको ज्वलन्त उदाहरण हो । हामीले कांग्रेस सरकारले गर्न लागेको गण्डक सम्झौता रोक्न सक्यौं तर २०१७ सालपछि राजा महेन्द्रबाट यही सम्झौता व्यावहारमा ल्याउँदा जनताले रोक्न सकेनन् र आखिर राजा महेन्द्रबाट नै उद्घाटन गरी सो गण्डक भारतको हातमा सुम्पने काम भयो ।

स्पष्टतः राजाको हातमा सार्वभौम सत्ता रहेपछि देश बच्छ भन्ने कुरो भ्रम मात्र हो । देशको सार्वभौमिकताको रक्षा प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत राजनीतिक चेतना प्राप्त पार्टीमा संगठित जनताले गर्छ । र खासगरी राजनीतिक स्वतन्त्रता र आर्थिक स्वतन्त्रता बारे कम्युनिष्ट पार्टी नै बढी सचेत रहेको हुन्छ र कम्युनिष्ट पार्टीले जनताको हातमा रहेको सार्वभौम सत्ता कदापी गुम्न दिँदैन ।

यही कारण हो अक्सर साम्राज्यवादीहरू, नव-उपनिवेशवादीहरू र विश्वका एकाधिकार पूँजीपतिहरू कम्युनिष्टहरू देखि जहिले पनि रिसाउने गर्छन् र कम्युनिष्टहरूबारे अनेक झूठा कुराहरू प्रचार गर्छन् ।

**फौज :**

फौजको बारेमा हाम्रो पार्टीको राय छ, यो न राजाको हातमा राख्न हुन्छ न शासक वर्ग या मन्त्रीमण्डलको हातमा, यो पार्लियामेन्टको हातमा नै रहनु पर्छ र यसले गठन गरेको 'डिफेन्स काउन्सिल' को हातमा नै यो रहनु पर्छ । जसमा विरोधी दलका सदस्यहरू पनि समावेश भएको होस् ।

**चुनावको व्यवस्था :**

संसद्ले जन इच्छालाई प्रतिनिधित्व गर्न सक्नको निम्ति पार्टीहरूले चुनाव लड्दा झूठो प्रचार गरी जनतामा भ्रम फैलाएर होइन, आ-आफ्नो राजनीतिक र आर्थिक कार्यक्रमको आधारमा नै जनतालाई चित्त बुझाएर मत प्राप्त गर्न आवश्यक छ । यसैकारण हाम्रो संविधानले प्रजातन्त्रको नाममा झूठा प्रचार गर्नेहरू र भ्रम फैलाउनेहरूमाथि कडा कारबाही गरी उनीहरूले जितेकै खण्डमा पनि यस जितलाई बदर गर्ने प्रावधान हुनु पर्छ । यसको साथै धार्मिक तथा जातीय साम्प्रदायिकता फैलाउने

कुरोमा पनि प्रतिबन्ध लाग्नु जरुरी छ । जातीय समस्या, सामाजिक समस्या, जब जातिहरूको समस्या समाधान गर्न साम्प्रदायिकता फैलाएर होइन राष्ट्रिय समस्याको अङ्गको रूपमा यी समस्याहरू समाधान गर्न जरुरी छ । यी समस्याहरूको समाधान कसरी गर्ने हो भन्ने कुरो उल्लेख गर्नु हुन्न भन्ने होइन तर जात र धर्मको आधारमा मत माग्नु बिल्कुल राष्ट्रघाती र अप्रजातान्त्रिक पद्धति हुनेछ । तसर्थ धार्मिक र जातीय साम्प्रदायिकता फैलाउने अधिकार कदापि दिनु हुन्न ।

निर्वाचन स्वतन्त्र र स्वच्छ रहोस् भन्नाका लागि कुनै पार्टी उम्मेदवारको चुनावको खर्च सरकारले नै व्यहोर्नु पर्छ ताकि उम्मेदवारहरूले काला बजारीयाहरू, चोर बजारीयाहरू, घुस खोरहरू इत्यादी २ नं. धन्दा गर्नेहरूको अगाडि हात पसार्न नपरोस् । जब २ नं. धन्दा गर्नेहरूसँग हात पसारेर चन्दा बटुली चुनाव लड्नु पर्छ ती संसद् सदस्यहरूले राष्ट्रिय तथा जनताको स्वार्थ हेर्ने सट्टा २ नम्बरीयाहरूकै स्वार्थ रक्षा गर्न बाध्य हुनेछन् र देशबाट भ्रष्टाचार कदापि मेटिने छैन । अझ विदेशीहरूसँग हात पसार्दा त झन् देशको राजनीतिक र आर्थिक स्वतन्त्रता र सार्वभौम सत्तामा असर पर्न जाने सम्भावना रहने छ । यसैगरी मतदाताहरूका बीच पैसा वितरण गरी अथवा पद र पैसाको प्रलोभन दिएर मत प्राप्त गर्ने अथवा लठैत, गुण्डाहरू लगाएर बुथ कब्जा गर्ने कार्य अबैध घोषित गरी यसरी जितेको जित बदर हुनु पर्छ । यहाँ एउटा सवाल उठ्न सक्छ कतिलाई खर्च पुऱ्याउने ? यस समस्यालाई समाधान गर्न पार्टीको मान्यता उसैले पाओस् जुन पार्टीले आम चुनावमा सयकडा ५ प्रतिशत मत प्राप्त गरेको होस् अथवा कमसे कम तीन जना उम्मेदवारले जितेको होस् । यस कार्यले एकातिर पार्टी विभाजनलाई रोक्ने छ भने अर्कोतिर चुनाव लड्ने पार्टीहरूको संख्यालाई सीमित राख्न मद्दत गर्नेछ । पश्चिम जर्मनमा यस्तो नियम लागू गर्दा पहिलो चुनाव भन्दा पहिले ११ दल थिए भने चुनावपछि ५ दल मात्र रहन पुगे ।

स्पष्टतः चुनाव खर्चमाथि बिल्कुल बन्देज र चुनाव खर्च सरकारले व्यहोर्ने कुरो हाम्रो राष्ट्रको राजनैतिक तथा आर्थिक क्षेत्रमा सार्वभौमिकताको रक्षा गर्नको निम्ति नभई नहुने कुरो हो । यसद्वारा संसद् सदस्यहरूले जनताको सेवा गर्ने सट्टा २ नम्बरी धन्दा गर्नेहरूको सेवा गर्नुपर्ने स्थिति पनि खतम गर्नेछ । विदेशी शक्तिहरू अथवा उनीहरूले चलाएको गैर-सरकारी संगठनहरूद्वारा पैसा खर्च गरी चलाइएको पार्टीहरूमाथि प्रतिबन्ध लाग्नु पर्छ ।

यो संविधानको श्रोत जन-आन्दोलन नै हो भन्ने कुरो स्पष्टसँग उल्लेख होस् र यसको अन्त्यमा पहिलो चुनावबाट बनेको संसद्ले पास गरी स्वीकृत गरेको भन्ने कुरो स्पष्टसँग उल्लेख रहोस् । संसद्का दुई तिहाई मतले संविधान संशोधन गर्ने अधिकार रहोस् । अनि ठूला ठूला समस्या खडा हुन आएमा जनमत संग्रहबाट संविधान संशोधन गर्ने प्रावधान होस् । कमजोर वर्गको रक्षाका लागि यस संविधानमा समाजवादी राष्ट्रको लक्ष्यलाई स्पष्टसँग उल्लेख गरियोस् । कमजोर वर्गले आफ्नो हक हीतको रक्षा गर्न

सकोस् भन्ने हेतुले मजदूरवर्ग तथा मेहनतकश जनताको शान्तिपूर्ण वर्ग संघर्षको अधिकार सुरक्षित रहोस् ।

पञ्चायती संविधानमा उल्लेख गरिएको वर्ग समन्वयको नाराले नयाँ प्रजातान्त्रिक संविधानमा कुनै स्थान नपाओस् ।

कानुनी राजको सिद्धान्त लागू होस् । सरकारी कार्बाही संविधानअन्तर्गत बनेको कानुनअनुसार भए नभएको सिंहावलोकन गर्ने अधिकार स्वतन्त्र न्यायाधीशहरूको हातमा रहोस् ।

मानव गरिमाको रक्षा र देशको उन्नति तथा विकासमा न्यायोचित हकदार जनता बनोस् ।

विधायीका, कार्यपालिका र न्यायपालिका एक दोश्रोसँग स्वतन्त्र रहोस् ।

मौलिक अधिकारहरू र मानव अधिकारहरूको सुरक्षा रहोस् तर यो अधिकार प्रजातान्त्रिक व्यवस्था नै उखाड्ने र सामाजिक विकासमा रोडा हाल्नको निम्ति बनेका पार्टीहरू, संगठनहरू र तीनका कार्यहरू अवैधानिक गरियोस् ।

**राजाको काम र कर्तब्य :**

राजा र राजदरबारसँग सम्बन्धित व्यक्ति वा व्यक्तिहरू वा नातेदारहरूले कुनै पार्टी, दल, संगठनहरूसँग सिधैं वा कुनै व्यक्ति वा संगठन मार्फत सम्बन्ध राख्ने कुरामा प्रतिबन्ध रहोस् न त कुनै संगठन बनाउने अधिकार रहोस् । राजा र राजदरबारसँग सम्बन्धित व्यक्ति वा व्यक्तिहरूले कसैलाई आर्थिक मद्दत गर्ने राजनैतिक आन्दोलनमा उस्काउने कार्यमाथि बिल्कुल प्रतिबन्ध लाग्नु आवश्यक छ । जनताले चुनेको संसद् र संसद्ले चुनेको प्रधानमन्त्रीको सल्लाहले बाहेक राजाले देशको शाषण र राजनीतिसँग सम्बन्धित कुनै पनि कार्य गर्नु हुँदैन । राजाले विदेशी कूटनीतिज्ञहरूलाई स्वागत गर्ने अथवा दर्शन भेट दिने छन् तर यी कार्यहरू प्रधानमन्त्री अथवा मन्त्रीमण्डलले खटाएको व्यक्ति वा व्यक्तिहरूको अनुपस्थितिमा गरिने छैन ।

राजा र राजकुलमा जन्मेका राजकुमारहरूले दुई पुस्ता यथोचित नेपाल सरकारको ढुकुटीबाट यथायोग्य भत्ता पाउने छन्, तर उनीहरू मध्ये कसैले पार्टी बनाउने, बनाउन लगाउने अथवा अरू पार्टी वा संगठन वा संगठनहरूसँग सम्बन्ध राख्ने, आन्दोलन गर्ने वा गराउने अधिकार हुने छैन । राजा या राजपरिवारद्वारा गरिने यस्ता कार्य राज अपराधमा गनिने छन् ।

साधारणतया राजाको जेठो छोरा राजा हुने छन् अन्य छोराहरूलाई राजदरबार खर्च व्यवस्था ऐनअन्तर्गत भत्ता खर्चको इन्तजाम हुने छ तर उनीहरूले माथि उल्लेख भए जस्तै पार्टीसँग सम्बन्धित कुनै कार्य गर्ने छैनन् ।

राजाको जेठो छोरामा राजाको गरिमामा आघात पुऱ्याउने कुनै दुश्चरित्र अथवा कुनै खोट लागेमा राजाकै छोराहरू मध्ये जेठालाई छोडेर अन्य छोराहरूलाई चुनेर राजा बनाउने अधिकार संसद्मा दुबै सदनहरूको संयुक्त बैठकलाई हुनु पर्छ ।

राज्याभिषेक गर्दा अहिले कुनै एक ब्राम्हण, कुनै एक क्षेत्री, कुनै एक बैश्य, कुनै एक शुद्र, कुनै एक बेश्याले अभिषेक गराउने चलन छ । सही मानेमा यो जनताद्वारा राजाको चयनको विकृत रूप हो । आज हाम्रो समाज ४ जात ३६ वर्णमा होइन अपितु विभिन्न वर्गहरूमा विभाजित छन् । राजाले अब यी विभिन्न वर्गहरूको विश्वास प्राप्त गर्नु छ, यसै निम्ति राजाको राज्याभिषेक दुबै सदनका नेताहरू, दुबै सदनका विरोधी दल वा दलहरूका नेताहरू, विभिन्न जनवर्गीय संगठनद्वारा राज्याभिषेक गराउने नयाँ व्यवस्था हुनु पर्छ ।

राजाले कुनै गलत कार्य गर्न हुँदैन, गरेमा जसमार्फत यी गलत कार्य भएका हुन्छन् त्यस्तो पार्टी, संगठन वा व्यक्तिमाथि कडा कार्बाही हुनेछ । राजासँग सिधैँ वा गुप्त सम्बन्ध राख्ने पार्टी वा संगठनहरूमाथि प्रतिबन्ध लाग्ने छ र देशघातीको रूपमा दण्डित हुनेछ ।

## जनताको मौलिक अधिकार :

जनताको मौलिक अधिकार अक्षुण्ण रहने छ । तर मौलिक अधिकारको दुरूपयोग गरी प्रजातान्त्रिक व्यवस्थालाई नै उल्टाउने, राजदरबारको इशारामा काम गर्ने, दरबारसँग सम्बन्ध राख्ने, जातीय अथवा धार्मिक सम्प्रदायकता फैलाएर जनतालाई टुक्र्याउने अधिकार कसैलाई हुने छैन । शोषित, पीडित जनताले आफूमाथि शोषण दमन खतम गर्न वर्ग संघर्ष भने अवश्य गर्न पाउनु पर्छ । वर्ग चेतना दिने अधिकार अक्षुण्ण रहने छ ।

## धार्मिक स्वतन्त्रता :

धार्मिक स्वतन्त्रता मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघका १९४८ को घोषणामा उल्लेखित कुरो हो । यस कुरोलाई संयुक्त राष्ट्रसंघको सबै सदस्य राष्ट्रहरूले मान्न करै लाग्छ । यसकारण नेपालले धार्मिक स्वतन्त्रता दिन्न भन्ने कुरा हुन सक्दैन । यसैले धार्मिक स्वतन्त्रता सबैले पाउनै पर्छ । हरेक धर्मको पछाडि एउटा दर्शनले काम गरेको हुन्छ । सबै धर्महरू मानव र मानव समाजको कल्याण र सुव्यवस्थाका लागि

निक्लेका हुन् । तर आज धर्मलाई सामन्तहरू, प्रतिक्रियावादीहरू र साम्राज्यवादीहरूले आफ्नो स्वार्थ सिद्धि गर्ने हतियार बनाएर, एक धर्मावलम्बीलाई अर्को धर्मावलम्बीसँग लडाएर निहीत स्वार्थ पूर्तिको साधन मात्र बनाएका छन् । भारतमा भारतीय जनता पार्टीले हिन्दू मुसलमान लडाएर, मुसलमानको विरोधमा हिन्दू साम्प्रदायिकताको भावना फैलाएर चुनावमा भोट बटुल्ने साधन बनाएका छन् । नेपालमा पनि यस्तै धार्मिक साम्प्रदायिकताको नारा दिएर भोट बटुल्न चाहनेहरूको संख्या कम छैन । यसैकारण यस्तो धार्मिक साम्प्रदायिकता फैलाउने संगठनमाथि प्रतिबन्ध लाग्नै पर्छ । अनि अमेरिकी, युरोपेली साम्राज्यवादीहरूले यशु धर्मलाई साम्राज्यवादी स्वार्थ पूरा गर्ने हतियार बनाएका छन् । यशु धर्म मानवतावादलाई लिएर निक्ल्यो तर यसको दुरूपयोग साम्राज्यवादीहरूले गर्दै आएका छन् र यसलाई अर्काको देशमा आफ्नो प्रभुत्व जमाउने साधन बनाएका छन् । पिछडिएका जनताले आर्थिक कमजोरीको फाइदा उठाएर पैसाको प्रलोभनमा धर्म परिवर्तन गर्ने कार्य गर्दै आएका छन् ।

यदि हिन्दू धर्मका उपनिषद्हरू, गीता र बौद्ध धर्मको अनेकौं दर्शन सम्बन्धी ग्रन्थहरू, कुरान र बाइबल खुला दिलले विष्लेषण गरी पढेर मानव कल्याणको निम्ति चाहिने कुराहरू लिएको खण्डमा कुनै धार्मिक कलह हुने थिएन । एउटा हिन्दू वा बौद्धले बाइबल पढ्न हुन्न, कुरान पढ्न हुन्न भन्ने होइन तर यहाँ मानिसले हजारौं वर्षको सञ्चित ज्ञानलाई लिने सट्टा धर्मको नाममा धार्मिक साम्प्रदायिकता फैलाउने र जनतालाई धर्म सम्बन्धी सही ज्ञान दिने सट्टा धार्मिक अन्धविश्वासमा जकडेर एक धर्मावलम्बीलाई अर्को धर्मावलम्बीसँग लडाउने कार्य नै विभिन्न धर्मका धर्मगुरुले र प्रतिक्रियावादीहरू, साम्राज्यवादीहरू, सामन्तहरूले गर्दै आएका छन् । जनतामा आफ्नो प्रभाव जमाउनको निम्ति मात्र उनीहरू यसो गर्छन् । यसै कारण जहाँ धार्मिक स्वतन्त्रता दिनु पर्छ त्यही अर्कातिर धर्म परिवर्तन गर्ने षड्यन्त्रमाथि रोक लाग्नै पर्छ । किनभने यो धर्म परिवर्तन स्वच्छ ज्ञानको आधारमा होइन अक्सर धनको प्रलोभनमा गर्दै आएका हुन्छन् ।

## आपतकालिन स्थिति :

आपतकालीन स्थितिको घोषणा मन्त्रीमण्डलको सल्लाहले गर्न सकिन्छ । तर यस्तो घोषणाले संसद्को स्वीकृति छिटो लिनु पर्ने छ र २-३ महिनाको अवधिको लागि २ पटक सम्म संसद्को स्वीकृतिले लागू गर्नेछ । आपतकालीन स्थितिको घोषणा गरी संसद्लाई नै भङ्ग गर्ने वा मन्त्रीमण्डललाई खारेज गर्ने कार्य कदापि गर्नु हुँदैन र राजाको हरेक आदेशमा मन्त्रीमण्डलको स्वीकृतिको रूपमा प्रधानमन्त्री अथवा मन्त्रीमण्डलले खटाएको कुनै वरिष्ठ मन्त्रीले सही गरेको हुनु पर्छ, यी कार्य सदनले अस्वीकार गरेमा यस्तो घोषणा र काम कार्बाही बदर हुनेछ ।

संसद् सदस्यहरू मध्ये कसैलाई पनि फौजदारी अपराधमा बाहेक पक्राउ गर्न हुँदैन र कुनै कारणबस पक्राउ गर्न परेमा संसद्लाई यसको सूचना दिनु पर्छ र संसद्को

बैठकमा निजलाई उपस्थित गराउनु पर्छ । संसद्को दुई तिहाई बहुमतले स्वीकृति दिएमा मात्र निजलाई संसद्को बैठकबाट बञ्चित गर्न सकिन्छ ।

**राष्ट्रिय गान :**

आजको राष्ट्रिय गान बिल्कुल अबैज्ञानिक भएको छ । एकातिर जनसंख्या बढ्यो भनेर परिवार नियोजनको प्रचार गरी हिँड्ने अर्को तिर राष्ट्रगानमा प्रजा फैलियोस् भनेर गाउने बिल्कुल नमिल्ने कुरा भयो । राष्ट्र गानमा राष्ट्रिय स्वतन्त्रता, देशका विभिन्न जातिहरूको बीचको एकता, राष्ट्रिय अखण्डता, समान राजनैतिक र आर्थिक स्वार्थ, जातीय तथा साम्प्रदायिक भेदभाव मेटाउने र हामी सबै नेपाली एक आमाका सन्तानको रूपमा देखाउनु वेश होला । यस गानको फैसला गर्नुभन्दा अघि जनतामा कमसे कम प्रबुद्ध वर्गमा एक पटक छलफल गराउनु बेश होला ।

स्वयं पूरा संविधान १-२ महिनाको अवधि राखेर जनतामा छलफल गराउन अझ बेश होला ता कि संविधानमा समस्त नेपाली नागरिकको समान आस्था र विश्वास रहोस् ।

**************